"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
कोशी प्रदेश, नेपाल

प.सं.:
च.नं.: ४५२५

☎: ०२३-५९७०००

मिति : २०८२/११/२५

श्री दमक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नियमन क्षेत्राधिकार भीत्र रहेका सहकारी संस्थाहरु सबै, दमक, झापा

**बिषय : सहकारी संस्था दर्ता अभिलेखीकरण मापदण्ड २०८२ बमोजिम विवरण प्रविष्टि गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रीय सहकारी नियमन प्राधिकरणबाट २०८२/०६/१० गते वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभीलेखिकरण सम्बन्धी मापदण्ड २०८२ (संशोधन सहित) जारी भई, मिति २०८२/०८/१० देखि दर्ता अभिलेखिकरण कार्य प्रारम्भ भएको, र मिति २०८२/१२/१७ सम्ममा दर्ता अभिलेखिकरण प्रकृयामा सहभागी भईसक्नु पर्ने भनी राष्ट्रीय सहकारी नियमन प्राधिकरणबाट सुचना जारी भएको व्यहोरा विदितै हुनु पर्दछ ,

अतः प्राधिकरणले तोकेको समयसीमा (मिति २०८२/१२/१७) सम्ममा माग भए बमोजिमको विवरण प्रविष्टि गरी, अनिवार्य दर्ता अभिलेखिकरण प्रकृयामा सहभागी भई कारोवार संचालन ईजाजत पत्र लिनु हुन राष्ट्रीय सहकारी नियमन प्राधिकरणको मिति २०८२/११/११को सुचना यसै पत्र साथ संलग्न राखी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौको च.नं. २९३ मिति २०८२/११/१७ को पत्रानुसार अनुरोध छ ।

२०८२/११/२५

..............................

**सुनिल निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर ।

NEP

(स्थापना - २०८१)

पत्र संख्या:-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार
(स्थापना-२०८१)

मितिः २०८२/११/११
ने.सं. ११४६ चिल्लाथ्व ६, सोमबार

## दर्ता अभिलेखीकरणको समयावधि थप सम्बन्धी अत्यन्त जरुरी सूचना।

सहकारी ऐन, २०७४ को दफा २०क. बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण गर्ने प्रयोजनका लागि यस प्राधिकरणबाट **"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता** अभिलेखीकरण **मापदण्ड, २०८२"** जारी भई मिति २०८२ मंसिर १० गतेदेखि दर्ता अभिलेखीकरण कार्य प्रारम्भ भएको व्यहोरा विदितै छ। उक्त मापदण्ड (दोस्रो संशोधन) को दफा ३(४) को व्यवस्था बमोजिम सो कार्यको लागि थप भएको समयावधि २०८२ फागुन ११ गते समाप्त हुने हुँदा, यस अवधिमा सबै सहकारी संस्थाहरुको विवरणहरु प्रविष्ट भई सक्ने नदेखिएको र विवरण प्रविष्टिको कार्य निरन्तर भईरहेकाले **"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता** अभिलेखीकरण **(तेस्रो संशोधन)** मापदण्ड, **२०८२"** को दफा ३(४) को व्यवस्था तथा प्राधिकरणको **मिति** २०८२/११/०९ को निर्णयानुसार दर्ता अभिलेखीकरणको समयावधि मिति २०८२ चैत्र १७ गतेसम्मका लागि थप गरिएको हुँदा सो अवधि भित्र अनिवार्य रुपमा दर्ता अभिलेखीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

(केशवराज भट्टराई)
निर्देशक

२०८२/११/११

पुल्चोक ललितपुर, नेपाल । फोन नं. ०१-५०१०१३१ ५०१०२३७ । वेबसाईट : www.ncra.gov.np । ईमेल : admin@ncra.gov.np